# सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र आह्वान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित सूचना मिति : २०८३/०५/३१ )

१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (त्र) मा व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्रभित्र निर्धारित मापदण्ड र दर बमोजिम फोहोरमैला व्यवस्थापन र फोहोरमैला शुल्क संकलनका लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक कम्पनीहरुले तपसिलको शर्तहरुको अधिनमा रही प्राविधिक र आर्थिक प्रस्ताव सहित बोलपत्र पेश गर्नको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं | सूचना नं | विवरण | न्यूनतम कबोल अंक रु (मु.अ.क सहित ) | बोलपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | SM/SQ/WM/03/083/084 | फोहोरमैला व्यवस्थापन तथा फोहोरमैला शुल्क संकलन | १० लाख | १ हजार | |

२ ईच्छुक प्रस्तावकहरुले थप जानकारीका लागि सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय, सुन्दरबजारबाट बोलपत्रको बारेमा थप जानकारी लिन सक्नेछ।

३ ईच्छुक प्रस्तावकले बोलपत्र पेश गर्नका लागि सुन्दरबजार नगर कार्यपालिकाको कार्यालय, सुन्दरबजार, लमजुङबाट मिति २०८३/०६/१४ गते कार्यालय समयभित्र बोलपत्र खरिद गरी नगर कार्यपालिकाको कार्यालयमा मिति २०८३/०६/१५ गते दिनको १२ वजेभित्र बोलपत्र पेश गर्नुपर्नेछ। उक्त समयपश्चात प्राप्त हुन आएका बोलपत्रहरु रद्ध गरिनेछ।

४ बोलपत्रको साथमा सुन्दरबजार नगर कार्यपालिकाको कार्यालयको नेपाल बैंक लिमिटेड, सुन्दरबजार शाखामा रहेको आम्दानी खाता नं १५३०३००००१००१००००१ मा रु. १,०००।-(अक्षरेपी एक हजार मात्र) जम्मा गरेको भौचर समेत पेश गर्नुपर्नेछ।

५ ईच्छुक योग्य बोलपत्रदाताहरुले बैंकमा बोलपत्र खरिद बापत रकम जम्मा गरेको भौचर, कम्पनी दर्ताको प्रमाणपत्र, फर्म नवीकरण भएको ईजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

६ पेश हुन आएका बोलपत्रहरु मिति २०८३/०६/१५ .गते दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र प्रस्तावक वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७ बोलपत्रको मान्य अवधि ४५ दिनको हुनु पर्नेछ। बोलपत्रसाथ कबोल अंकको ५ प्रतिशत बराबरको रकमको बोलपत्र जमानत वा सुन्दरबजार नगरपालिकाको नेपाल बैंक लिमिटेड, सुन्दरबजार शाखामा रहेको धरौटी खाता नं १५३०३००००३०००००००१ मा जम्मा गरी बैंक भौचरको संलग्न गर्नुपर्नेछ। बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधि भन्दा ३० दिन बढी हुनुपर्नेछ।

८ यस ठेक्कामा अन्य शर्तहरु एवं बन्देजहरु समेत लागु हुनेछन्। सो को जानकारी बोलपत्र पुस्तिकाबाट हेर्न सकिनेछ।

९ बोलपत्र सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सुन्दरबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ।

१० यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

रमेश घति
प्रमुख प्रशासकीय अधिकृत

CamScanner